# यशोधरा गाउँपालिका कपिलवस्तुको बजेट बक्तव्य, २०८१।०८२

## यशोधरा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बैदौली, कपिलवस्तु

## लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८१ असार ३१ गते दिन सोमवार

सभा अध्यक्ष ज्यू, प्रदेश सभा सदस्यज्यूहरु, सभा सचिव एवं प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सुरक्षाकर्मी, समाजसेवी, पत्रकार एवं यशोधरा गाउँपालिकाका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु :

१. नेपालको संविधानको धारा २३० बमोजिम यशोधरा गाउँपालिका, कपिलवस्तुको उपाध्यक्षको हैसियतले सम्मानित गाउँसभामा आगामी आर्थिक बर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटले यशोधरा गाउँपालिकाको विकास निर्माणलाई अगाडि बढाउने तथा गाउँपालिकाको अर्थव्यवस्थालाई गतिशील तुल्याउँदै गाउँपालिकाको दिर्घकालीन सोच **यशोधराको पहिचान : सुखि यशोधरा, समृद्धि यशोधरा, प्रविधि तर्फ अग्रसर यशोधरा** लाई सार्थक तुल्याउने अपेक्षा गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायतका विभिन्न आन्दोलनमा आफ्नो प्राणको आहूति दिनुहुने ज्ञात अज्ञात अमर सहिदहरुप्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

३. आगामी आर्थिक बर्ष ०८१।०८२ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, यशोधरा गाउँपालिकाको कानुन, दिगो विकासका लक्ष्य र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेको छु ।

४. आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु । साथै कोभिड–१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुनः गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र अनावश्यक खर्चलाई कटौती गरेको छु । यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

५. बजेट निर्माणका क्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, विषयगत समिति तथा सरोकारवालाहरुसँग परामर्श तथा टोल बस्तीका योजना संकलन गरी गाउँपालिकाको सीमित स्रोत साधनका बाबजुद जनताका असीमित अपेक्षाहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छु ।

६. संघीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्तहुने अनुदानलाई सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

अब, म चालु आर्थिक बर्ष २०८०।०८१ को संक्षिप्त वित्तीय प्रगति विवरण प्रस्तुत गर्दछु ।

७. चालु आर्थिक बर्षको बार्षिक बजेट शंसोधित अनुमान रु ५८ करोड ८४ लाख २ हजार २ सय २७ रहेकोमा जम्मा आय तर्फ रु. ५० करोड ८९ लाख १३ हजार ७ सय १४ रुपैया पैसा ९६ गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।
८. चालु खर्च तर्फ रु. ४२ करोड १२ लाख ८२ हजार ८ सय १८ व्यय अनुमान गरिएकोमा असार २४ गते सम्म २९ करोड २४ लाख ८१ हजार ८ सय ११ पैसा २४ खर्च भएको छ । कुल विनियोजित बजेटको ६९.४३ प्रतिशत रहेको छ ।
९. पूँजीगत खर्च तर्फ रु. १६ करोड ७० लाख १९ हजार ४ सय ९ व्यय अनुमान गरिएकोमा असार २४ गते सम्म ८ करोड ५८ लाख ६४ हजार ३ सय ४३ पैसा ५४ खर्च भएको छ । जुन कुल विनियोजित बजेटको ५१ दशमलव ४१ प्रतिशत रहेको छ ।
१०. चालु आर्थिक बर्ष मा जम्मा विनियोजित बार्षिक बजेट रु रु ५८ करोड ८४ लाख २ हजार २ सय २७ रहेकोमा असार २४ गते सम्म ३७ करोड ८३ लाख ४६ हजार १ सय ५४ रुपैया ७८ पैसा खर्च भएको छ । जुन कुल बजेटको ६४ दशमलव ३० प्रतिशत रहेको छ ।

**अध्यक्ष महोदय्**

अब, म आगामी आर्थिक बर्ष २०८१।०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

क. सामाजिक–आर्थिक र भौतिक पूर्वाधारहरुको विकास तथा निर्माणलाई तिव्रता दिने ।
ख. संघीय तथा प्रदेश सरकारहरुका विचमा सुमधुर सम्बन्ध कायम गरी समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने ।
ग. सुशासन, विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने ।
घ. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास,
ङ. युवा, महिला तथा गरिब घरपरिवारलाइ उत्पादान मुलक रोजगारी सृजनामा वृद्धि गर्ने ।
च. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।
छ. बाल सुरक्षा, जेष्ठ नागरिक, बिधवा, अपांग, दलित जेष्ठ नागरिक तथा आर्थिक रुपमा पछाडी परेका वर्गको वृद्धि विकास तथा संक्षरण गर्ने ।
ज. आन्तरिक राजश्व सुधारका आवश्यक पहल गर्ने ।
झ. आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवापुग्ने आवश्यक कार्य गर्ने ।
ञ. वेरोजगार गरिब युवा तथा महिलालाइ स्वरोजगारमा आत्मनिर्भर बनाउन उद्दम विकास कार्यक्रम संचालन गर्ने ।
ट. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्ने ।
ठ. खेलकुदका लागि आवश्यक व्यवस्थापन गर्ने ।
ड. स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाई संघीयता कार्यान्वयन र सुदृढीकरण गर्ने ।

ढ. कृषि सिचाइलाइ विस्तार एवं आधुनिक कृषिमा जोड ।

माथि उल्लिखित उदेश्य हासिल गर्न देहाय अनुसारका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।

क. गुणस्तरीय शिक्षा एवं सुविधा सम्पन्न विद्यालयमा जोड ।

ख. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण ।

ग. कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति ।

घ. भौतिक पूर्वाधार विकासमा जोड ।

ङ. डिजिटल सेवामा सामुदायको पहुच ।

च. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि ।

छ. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनिकरण ।

**अध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्षको प्रस्तावित बजेट, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

**११.** आगामी आर्थिक बर्षका लागि वडा नं १ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. १ करोड २ लाख ४ हजार ४ सय विनियोजन गरेको छु ।

**१२.** आगामी आर्थिक बर्षका लागि वडा नं २ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ९७ लाख ६३ हजार विनियोजन गरेको छु ।

**१३.** आगामी आर्थिक बर्षका लागि वडा नं ३ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ९९ लाख ७३ हजार विनियोजन गरेको छु ।

**१४.** आगामी आर्थिक बर्षका लागि वडा नं ४ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ९९ लाख १ हजार विनियोजन गरेको छु ।

**१५.** आगामी आर्थिक बर्षका लागि वडा नं ५ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ९९ लाख ४ हजार विनियोजन गरेको छु ।

**१६.** आगामी आर्थिक बर्षका लागि वडा नं ६ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. १ करोड ७ लाख ६ हजार विनियोजन गरेको छु ।

**१७.** आगामी आर्थिक बर्षका लागि वडा नं ७ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. १ करोड २० लाख ३२ हजार विनियोजन गरेको छु ।

**१८.** आगामी आर्थिक बर्षका लागि वडा नं ८ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. १ करोड १८ लाख ७७ हजार

**१९.** विनियोजन गरेको छु ।

**२०.** प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागी रुपान्तरण पहल कार्यक्रम तथा लघु उद्‌दम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२१.** युवा बेरोजगारहरुलाइ रोजगार सृजनाका लागि रु. ५ लाख रकम सुलभ अनुदानका लागि विनियोजन गरेको छु ।

**२२.** नवप्रवर्तन साझेदारी कोष तथा गाउँपालिकाको लागत साझेदारीमा डिजिटल सेवा केन्द्र संचालन तथा दलित, महिला, विपन्नहरुलाइ रोजगारी सिर्जना हुने कार्यक्रमका लागि २५ लाख विनियोजन गरेको छु ।

**२३.** आगामी आर्थिक बर्षका लागि संघिय सरकार समपुरक अनुदान तथा यस पालिकाको ५०/५० प्रतिशतको लागत साझेदारीमा पोखरभिटवा, लोहरौली तथा भवापुर सडक कालोपत्रेका लागि जम्मा रु २ करोड विनियोजन गरेको छु ।

**२४.** आगामी आर्थिक बर्षका लागि लुम्बिनी प्रदेश समपुरक अनुदान तथा यस पालिकाको ५०/५० प्रतिशतको लागत साझेदारीमा यशोधरा रिङ्ग रोड निर्माणका लागि जम्मा रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

**२५.** आगामी आर्थिक बर्षका लागि जिल्ला समन्वय समिति तथा यस पालिकाको ६०/४० प्रतिशतको लागत साझेदारीमा प्रशासकीय भवनको तल्ला थपमा ७८ लाख रकम विनियोजन गरेको छु ।

**२६.** आगामी आर्थिक बर्षका लागि जिल्ला समन्वय समिति तथा यस पालिकाको ६०/४० प्रतिशतको लागत साझेदारीमा श्री अनिरुद्‌ध पब्लिक मा वि बैदौलीको अधुरो भवन निर्माणमा २० लाख रकम विनियोजन गरेको छु ।

**२७.** आगामी आर्थिक बर्षका लागि विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषमा रु २५ लाख विनियोजन गरेको छु ।

**२८.** आगामी आर्थिक बर्षमा जनचेतना तथा शसक्तीकरणका लागि सामाजिक विकास तर्फ रु २५ लाख विनियोजन गरेको छु ।

**२९.** आगामी आर्थिक बर्षका लागि संघिय सरकारको शसर्त कार्यक्रममा विनियोजित रकम जम्मा रु १९ करोड ६२ लाख ४२ हजार तोकिएको शिर्षकमा कार्यक्रम संचालन गर्नका लागि विनियोजन गरेको छु ।

**३०.** आगामी आर्थिक बर्षका लागि लुम्बिनी प्रदेश सरकारको शसर्त कार्यक्रममा विनियोजित रकम जम्मा रु ८६ लाख तोकिएको शिर्षकमा कार्यक्रम संचालनका लागि विनियोजन गरेको छु ।

**३१.** आगामी आर्थिक बर्षका लागि संघिय सरकारको विशेष अनुदानमा विनियोजित रकम जम्मा रु १ करोड २० लाख तोकिएको शिर्षकमा खर्च गर्न विनियोजन गरेको छु ।

**३२.** आगामी आर्थिक बर्षमा उत्पादन तथा रोजगारी सृजनाका लागि कृषि तर्फ रु ५० लाख विनियोजन गरेको छु ।

३३. आगामी आर्थिक बर्षमा पशु नश्ल सुधार तथा पशु जन्य उत्पादनका लागि रु ३५ लाख विनियोजन गरेको छ ।

३४. आगामी आर्थिक बर्षमा प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम सँग लागत साझेदारी तथा माइग्रेसन प्रोफाइलका लागि रु ५ लाख ५० हजार विनियोजन गरेको छ ।

३५. आगामी आर्थिक बर्षका लागि कार्यालय संचालन तथा प्रशासकीय खर्च, कर्मचारीहरुको तलब भत्ता, प्रोत्साहन, गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षक(मा वि, नि मा वि, प्रा वि), बालविकास तर्फ गाउँपालिकाको लागत साझेदारी, विद्यालय परिचरको लागि साझेदारी र गाउँपालिका तर्फ बालविकास सहजकर्ताको पारिश्रमिक गाउँपालिकाको प्रशासनिक खर्चबाट व्यहोर्ने व्यवस्था मिलाएको छ। साथै संघिय सरकार तथा प्रदेश सरकारको लागत साझेदारीमा कार्यरत कर्मचारी(एक गाउँ एक प्राविधिक, एम आइ एस अपरेटर, फिल्ड सहायक, सूचना प्रविधि अधिकृत, पोषण स्वयसेवक लागयत कर्मचारीहरुको) पारिश्रमिक लागि जम्मा रु १२ करोड ३५ लाख ९२ हजार रकम विनियोजन गरेको छ । साथै सेवा निवृत्त हुने स्थायी कर्मचारीका लागि आवकाश सुविधा उपलब्ध गराउन कर्मचारी कल्याण कोषका लागि रु ४० लाख रकम विनियोजन गरेको छ ।

३६. शैक्षिक क्यालेन्डर, स्थानीय भाषाको पठ्यक्रम, शिक्षकहरुको क्षमता विकास, शैक्षिक योजनाका लागि शिक्षा युवा तथा खेलकुद शाखाका लागि रु १५ लाख रकम विनियोजन गरेको छ ।

३७. यशोधरा आधारभूत अस्पताल व्यवस्थापन, स्वास्थ्य चौकीहरुमा सहज औषधी आपूर्ती, आँखा लगायत विभिन्न स्वास्थ्य शिविरहरु, किशोरीहरुलाई आइरन चक्की, गर्भवती चेकजाच प्रोत्साहनका लागि आयोडिन युक्त नुन, सुपा नेट झुल वितरणलाई निरन्तरता दिएको छ । साथै दिर्घरोगीहरु(रक्तचाप, मधुमेह)का लागि औषधी, फिल्डमा अग्रपंतिमा रहि  सेवा दिने स्वास्थ्य कर्मीहरुको लागि न्युनतम प्रोत्साहन तथा महामारी रोग नियन्त्रण समेत गरी रु १ करोड १० लाख विनियोजन गरेको छ ।

३८. वडा नं १ तितिर्खामा बनदै गरेको खेलमैदानका लागि २० लाख रकम विनियोजन गरेको छ ।

३९. स्मार्ट विद्यालय तर्फ पूर्वाधार तथा व्यवस्थापनका लागि रु ८० लाख विनियोजन गरेको छ ।

४०. गाउँपालिका कार्यालय परिसरमा रहेको पोखरी सुन्दरीकरण कार्यको निरन्तरताको लागि रु २० लाख विनियोजन गरेको छ ।

४१. स्वास्थ्य बिमा कार्यक्रम निरन्तरताका लागि रु १० लाख विनियोजन गरेको छ । साथै गाउँपालिकामा कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने आवश्यक व्यवस्था मिलाएको छ ।

४२. यशोधरा गाउँपालिकाको पशु छाडा व्यवस्थापनका लागि रु २० लाख रकम विनियोजन गरेको छ ।

४३. यशोधरा गाउँपालिकाको जि आइ एस बेस मैप वइथ मैट्रैक सिस्टम हाउस नम्बरिङ्गका लागि रु १८ लाख रकम विनियोजन गरेको छ ।

४४. उपाध्यक्षबाट सम्बोधन हुने योजना संचालन गर्न रु ३५ लाख रकम विनियोजन गरेको छ ।

४५. वडा नं ८ को सिहोखोरको यार मोहमदको जग्गामा डिपटियुबेल जडानका लागि गाउँपालिका तर्फबाट रु १० लाख रकम विनियोजन गरेको छ ।

४६. विगत ३ बर्ष अगाडी नै जडान भइ ट्रान्सफर्मरको अभावमा प्रयोगविन रहेको बासखोर उत्तर तर्फ रामदेव शुक्लाको जग्गामा रहेको डिपटियुबेलमा ट्रान्सफर्मर खरिद तथा व्यवस्थापन गरी पहिलो चौमासिक भित्र संचालन गर्न रु १० लाख रकम विनियोजन गरेको छ ।

**४७.** आगामी आर्थिक बर्षका लागि मध्यकालीन खर्च संचरना, आवधिक योजना, स्थानिय तहको स्वमूल्यांकन, वित्तिय जोखिम न्यूनिकरण कार्यक्रम संचालनका लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

**४८.** आगामी आर्थिक बर्षका लागि शुसासन तथा संस्थागत विकास तर्फ जम्मा रु २० लाख विनियोजन गरेको छु ।

**४९.** विपन्न तथा गरिबका लागि औषधी उपचार शिर्षकमा ७ लाख र आर्थिक सहायताका लागि १३ लाख रकम विनियोजन गरेको छु ।

**५०.** मठ मंदिर संक्षरणका लागि ३० लाख र संस्कृति प्रवर्द्धनका लागि १० रकम विनियोजन गरेको छु ।

**५१.** वातावरण तर्फ ५ लाख र खानेपानी तथा सरसफाइ तर्फ रु २० लाख रकम विनियोजन गरेको छु ।

**५२.** बालमैत्री कार्यक्रम निरन्तरताको लागि ६० लाख विनियोजन गरेको छु ।

**५३.** गाउँपालिका सभा हाल व्यवस्थापनका लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

**५४.** वडा नं ३ पश्चिम बसन्तपुर मन्दिर देखि स्कुल सम्म पि सि सि ढलानका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

**५५.** वडा नं ४ हथिहवा चौरहाको मोहबु मुसलमानको घर र श्यामु यादवको घर देखि बहडिलवा जाने बाटो सम्म दुबै तर्फ पक्की नाली निर्माणका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

**५६.** वडा नं ५ बैदौली साजिदको घर देखि इबराहिमको घर सम्म पि सि सि ढलानका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

**५७.** वडा नं ६ रंगपुर गाउँको पूर्व अर्जुन कलवारको मिल देखि पुल सम्म पक्की नाली निर्माणका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

**५८.** वडा नं ३ पश्चिम बसन्तपुर मेन रोड देखि दक्षिण सार्वजनिक खल्डोमा रिटेनिङ्ग वाल निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

**५९.** आगामी आर्थिक बर्षमा सरसफाइ तथा सडक मर्मतका लागि JCB खरिद गर्न रु ३० लाख विनियोजन गरेको छु ।

**६०.** तौलिहवा अस्पतालमा औषधी सहयोगका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

**६१.** माध्यमिक विद्यालयहरुमा स्काउट संचालनका लागि रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**६२.** वडा नं १ तितिर्खी गाउँमा पि सि सि ढलानका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

**६३.** वडा नं ५ बैदौली घुरहुको घर देखि यार मोहम्दको घर सम्म पक्की नाली निर्माणका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

**६४.** वडा नं ३ पश्चिम बसन्तपुर त्रिलोकी गिरीको गडहा देखि गणेश गिरीको खेत सम्म पक्की नाली निर्माणका लागि रु ७ लाख रकम विनियोजन गरेको छु ।

**६५.** न्यायिक समिति तर्फ रु ३० लाख रकम विनियोजन गरेको छु ।

**६६.** राजश्व सुधारका लागि रु १० लाख विनियोजन गरेको छु ।

**६७.** संचालित एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि रु ११ लाख रकम विनियोजन गरेको छु ।

**६८.** सामाजिक सुरक्षा तथा पंजिकरण इकाइ तर्फ रु ५ लाख रकम विनियोजन गरेको छु ।

**६९.** यशोधरा आधारभूत अस्पतालको भवनको माथील्लो हाल मर्मतका लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

**७०.** सूचना प्रविधि तर्फ रु १० लाख रकम विनियोजन गरेको छु ।

**७१.** बहुक्षेत्रीय पोषण कार्यक्रमको साझेदारीका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

**७२.** संघ तथा प्रदेश शसर्त अनुदान फिर्ताका लागि रु ४ करोड ८३ लाख १६ हजार ४ सय ८७ रकम फर्ता गर्न व्यवस्था गरेको छु ।

**७३.** विद्यालयको भौतिक पूर्वाधर निर्माणका लागि समपुरक योजना संचालन गर्न रु ५० लाख रकम विनियोजन गरेको छु ।

**७४.** यशोधरा ७ इटवा समेरी सडक पि सि सि ढलानका लागि रु ८ लाख रकम विनियोजन गरिएको छ ।

**७५.** यशोधरा २ पूर्व भडेहरको मदरसा  नूरुल उलूमको बाउन्डरीवाल निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरिएको छ ।

**७६.** गाउँपालिका अध्यक्षबाट संचालन हुने योजना चालु तर्फ रु ७० लाख र पुजीगत तर्फ रु ७० रकम विनियोजन गरेको छु ।

**७७.** यशोधरा गाउँपालिका अन्तरगत वडा नं १ को दरखस्वा, वडा नं ४ सेमरी वडा नं ३ को बहडिलाव गाउँमा लागि डिपटियुबेल संचालनका लागि ट्रान्सफार्मर खरिदका लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म बजेटमा उल्लेखित क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकपर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७८. माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न ६० करोड १ लाख ४ हजार ५ सय ३१ रुपैया खर्च हुने अनुमान गरेको छु ।

७९. आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु १२ करोड १४ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रु १० करोड ५८ लाख , लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु ८४ लाख ५ हजार, राजश्व बाँडफाँड सवारी साधन कर तर्फ ४७ लाख ९२ हजार, संघीय सरकार ससर्त अनुदान तर्फ १९ करोड ६२ लाख ४२ हजार, लुम्बिनी प्रदेश सरकारबाट ससर्त अनुदान ८६ लाख, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान १ करोड २० लाख, लुम्बिनी प्रदेश सरकारबाट, संघिय सरकार समपुरक अनुदानबाट १ करोड , लुम्बिनी प्रदेश सरकारबाट ७० लाख, राजश्व बाडफाड स्थानीय तह ८० लाख, आन्तरिक राजश्वबाट रु ३ करोड  र चालु आ.ब. को अल्या रकम रु ३ करोड ९५ लाख ४९ हजार ४४ रुपैया र संघिय अनुदान फिर्ता गर्नु पर्ने रकम रु ४ करोड ८३ लाख १६ हजार ४ सय ८७ रुपैया २३ पैस गरी कुल प्रस्तावित आय ६० करोड १ लाख ४ हजार ५ सय ३१ पैसा २० रकम व्यहोर्ने छ ।

अध्यक्ष महोदय् तथा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने प्रदेश सभा सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, सुरक्षाकर्मी पत्रकार यशोधराबासी सम्पूर्ण जनहरुबाट प्राप्त सुझाव सहयोग र सल्लाहप्रति हार्दिक आधार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा संघीय इकाइहरुका सबै निकाय र सरोकारवालाहरुको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु ।  धन्यवाद ।